# पोखरिया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### पोखरिया, पर्सा

### मधेश प्रदेश, नेपाल

**तेस्रो पटक सूचना प्रकाशित मिति २०८०।०२।१८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा यस पोखरिया नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १०(क) बमोजिम यस नगरपालिकाको स्वामित्वमा रहेका देहाय सार्वजनिक पोखरीहरुको आ.व. २०८०।०८१ को बाकी अवधि देखि आ.व. २०८५।०८६ असार सम्मको लागि पांच वर्षको लागि ठेक्का बन्दोबस्त शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले पोखरिया नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८।०६।०४ गते बसेको बैठकको निर्णय नं. १ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ औं दिन भित्र यस कार्यालयबाट तपसिलमा उल्लेख गरे अनुसार रु १०००। रकम नगदै तिरी पछि फिर्ता नहुने गरी पान नं. प्राप्त इच्छुक व्यक्ति, फर्महरुले यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ।

२. ठेक्काको लागि बोलपत्र ८ औं दिन दिनको १:०० बजे सम्म नेपाली नागरिकताको प्रतिलिपि तथा आफूले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक,पोखरिया शाखामा रहेको धरौटी खाता नं. ००७२०११८९८५७०३६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखि शिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।

३. यसरी दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन ८ औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र पोखरिया नगरपालिकाको कार्यालय पर्सामा खोलिनेछ। सो दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः त्यसको भोलिपल्ट दर्ता तथा बोलपत्र खोलिनेछ। कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ।

४. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिनाहा वा क्षतिपूर्ति सम्बन्धी कुनै शर्त स्वीकार्य हुने छैन।

५. कबोल अंकको १३ प्रतिशत मु.अ.कर र १.५ प्रतिशत अग्रिम आय कर समेत यस कार्यालयमा बुझाउनुपर्नेछ।

६. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपूगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

७. आफूले कबोल गरेको ठेक्का रकम एकमुष्ठ बुझाएमा नियमानुसार छुट दिइनेछ।

८ अन्य विस्तृत शर्तहरुको हकमा यस कार्यालयमा बुझ्न सकिनेछ।

९. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ३० प्रतिशतले हुन आउने रकम चलन पूर्जी लिने दिनमा नगदै यस कार्यालयको आन्तरिक स्रोत खातामा जम्मा गर्नुपर्नेछ। दोस्रो किस्ता वापत २० प्रतिशत रकम २०८२ कार्तिक मसान्त भित्र बुझाउनु पर्नेछ। तेस्रो किस्ता २०८३ कार्तिक मसान्त सम्म २० प्रतिशत रकम बुझाउनु पर्नेछ। चौथो किस्ता २० प्रतिशत रकम २०८४ कार्तिक मसान्त भित्र बझाउनु पर्नेछ र बांकी १० प्रतिशत रकम २०८५ कार्तिक मसान्त भित्र बुझाउनु पर्नेछ। ठेक्केदारले पहिलो किस्ता वापतको कबोल अंकको ३० प्रतिशत रकम दाखिला गरी बाकी ७० प्रतिशत रकमको २०८६ असार

मसान्त सम्म म्याद भएको नेपाल अधिराज्यको कुनै पनि मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा मसान्त सम्म जारी गरिएको परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी ) पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१०. सम्बन्धित पोखरीको सामान्य मर्मत सम्भार आफै गर्नुपर्नेछ ।

तपसिल

| ठेक्का नं. | पोखरी रहेको स्थान | क्षेत्रफल ( वर्गमिटर) | न्यून्तम कबोल अंक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १।२०८०।०८१ | साविक गा.वि.स वनकटवा वडा नं. २ हाल पोखरिया न.पा. वडा नं. १ व्रहमस्थाननीरको पोखरी | २१६२४ | ५,५०,०००। | १,०००। |
| २।२०८०।०८१ | साविक गा.वि.स.वनकटवा हाल पोखरिया न.पा. वडा नं. १ मालिकबाबुको घर निरको सार्वजनिक पोखरी | १४३०७.०५ | ३,००,०००। | १,०००। |
| ३।२०८०।०८१ | साविक गा.वि.स.बसन्तपुर हाल पोखरिया न.पा. वडा नं. २ रामानन्द प्रसाद यादवको घर निरको सार्वजनिक पोखरी | ५०६९० | ५,५०,०००। | १,०००। |
| ४।२०८०।०८१ | साविक गा.वि.स.बसन्तपुर हाल पोखरिया न.पा. वडा नं. ३ पोखरी | ४७२४२ | ५,५०,०००। | १,०००। |
| ५।२०८०।०८१ | साविक गा.वि.स. श्रीर्सिया हाल पोखरिया न.पा. वडा नं. ६ चमरपटी टोल पोखरी | २०५२९.०५ | २,७५,०००। | १,०००। |
| ६।२०८०।०८१ | साविक गा.वि.स.श्रीसिया हाल पोखरिया न.पा. वडा नं. ६ डीपरनिरको पोखरी | ११११० | १,००,०००। | १,०००। |
| ८।२०८०।०८१ | साविक गा.वि.स. शिवर्व हाल पोखरिया न.पा. वडा नं. ९ वडा पोखरिया अस्पतालनिरको पोखरी | ३३२१८ | ४,५०,०००। | १,०००। |
| ९।२०८०।०८१ | साविक गा.वि.स. शिवर्व हाल पोखरिया न.पा. वडा नं. ९ सेमरवारी शिवर्वा रविन्द्र चौहान जी घर निरको पोखरी | ११८५६ | १,००,०००। | १,०००। |
| १०।२०८०।०८१ | साविक गा.वि.स.वसन्तपुर हाल पोखरिया न.पा. वडा नं. ३ फुलवरिया नारा | | ५,५०,०००। | १,०००। |
| ११।२०८०।०८१ | साविक गा.वि.स.गोविन्दपुर हाल पोखरिया न.पा. वडा नं. ७ को सार्वजनिक पोखरी | १२८२२६।५ | २३,६५,०००। | १,०००। |
| १२।२०८०।०८१ | पोखरिया न.पा. वडा नं. १० सार्वजनिक पोखरी ठूलो | | ११,००,०००। | १,०००। |

अजय कुमार श्रीवास्तव
(प्रमुख प्रशासकिय अधिकृत)

नि.प्रमुख प्रशासकिय अधिकृत